आज मिति २०७८ साल चैत्र २३ गते बुधवार दिउँसो २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं बस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | कार्यपालिका सदस्य | धरान-१७ | मृत्यु भएको |
| २४. | श्री कैलाश अग्रवाल | कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | कार्यपालिका सदस्य | धरान-७ | Gita Pakhrin |
| २७. | श्री विनिता बज्राचार्य | कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री लक्ष्मी प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | पुर्ण बहादुर तामाङ | का. बा. | ८ | |
| २. | ज्ञानेन्द्र बस्नेत | का. बा. | १५ | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | श्री गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | | |

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २५ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्लो बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**

आजको बैठक संभबत जन प्रतिनिधीहरूको यस कार्यकालको अन्तिम बैठक भएकाले यस कार्यकालको अन्तिम बैठक भएकाले यस कार्यकालकै बैठक सम्बन्धी छोटो समिक्षा गरिन्छ । यस कार्यकालमा जम्मा १० वटा नगर सभाहरू सम्पन्न भए । त्यस्तै कार्यपालिका बैठकका हकमा आ.ब. २०७४।०७५ मा १७ वटा, आ.ब. २०७५।०७६ मा २३ वटा, आ.ब. २०७६।०७७ मा २५ वटा, आ.ब. २०७७।०७८ मा २१ वटा र आ.ब. २०७८।०७९ मा आज सम्म १० वटा बैठकहरू बसे । ति बैठकहरूमा जति पनि निर्णयहरू भए सबै सर्व सम्मत भएको पाईयो । यस भन्दा अघि मिति २०७८/१०/२७ गते कार्यपालिकाको बैठक बसेको थियो । उक्त २७ गते बसेको बैठकमा १२ वटा निर्णयहरू भएका थिए । उक्त बैठकवाट भएका केहि निर्णयहरू कार्यन्वयनको चरणमा रहेका र अन्य सबै निर्णयहरू कार्यान्वियन भएको व्यहोरा वैठकमा जानकारी भयो ।

३. **विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०७८ सम्बन्धमा :–**

धरान उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट हुनसक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि स्थापना गरिएको विपद व्यवस्थापन कोष सञ्चालनका लागि सम्बन्धित महाशाखाबाट तयारभई विधायन मस्यौदा समितिको सिफारिस अनुसार आजको बैठकमा पेश भएको **विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०७८** स्वीकृत गर्ने निर्णय गरियो ।

४. **सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०७८ सम्बन्धमा :–**

यस उपमहानगरपालिकामा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सञ्चालनमा रहेको सुरक्षित वैदेशिक रोजगार सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्नका लागि सम्बन्धित मन्त्रालयबाट प्राप्त नमुनाको आधारमा सम्बन्धित महाशाखाबाट तयार भै विधान मस्यौदा समितिबाट समेत सिफारिस भै पेश भएको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

५. **फोहोर मैला संकलन गर्ने काम हस्तान्तण र शुल्क निर्धारण सम्बन्धमा :–**

यस उपमहानगरपालिका र भेन्चर वेस्ट टु ईनर्जी प्रा.लि. विच नगर क्षेत्रको ठोस फोहोर मैला व्यवस्थापन गर्ने सम्बन्धमा भएको सम्झौता अनुसार नगर क्षेत्रको फोहोर संकलन कार्यको हस्तान्तरणका लागि तयार गरिएको विधि तथा शुल्क सम्बन्धी प्रस्ताव आजको वैठकमा पेश भई छलफल गरियो ।यसलाई सबैले अध्ययन गर्ने निर्णय गरियो ।

६. **नगर दररेटमा थप आइटमको दररेट सम्बन्धमा :–**

यस उपमहानगरपालिकाबाट आर्थिक वर्ष ०७८/७९ का लागि आवश्यक विभिन्न निर्माण सामाग्री, अन्य सामाग्री साथै वस्तुहरु र श्रमिकहरुको ज्याला समावेश भएको सम्बन्धित महाशाखाबाट तयार गरिएको नगर दररेट मिति २०७८ भाद्र १ गतेको कार्यपालिका वैठकबाट स्वीकृत भएकोमा केहि वस्तु, सेवा तथा कार्यको ज्याला र दर रेट छुट भएको देखिएकोले थप पेश भए अनुसारको दररेट स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत दररेट पछाडि टाँस गरी प्रमाणित गरीएको छ ।

७. **आयोजनाको परिमार्जित लागत अनुमान (भेरिएसन आदेश) सम्बन्धमा :–**

यस उपमहानगरपालिकावाट चालु आ.ब मा काम गर्नेगरी खरिद प्रकृया पूरा गरिएका तपशिलका योजनाहरूको योजना तथा ईन्जियरिङ्ग महाशाखावाट प्राविधिक पुष्ट्याई सहित ठेक्का सम्झौता भन्दा घटीहुने गरी भेरिएशन आदेश स्वीकृतिकालागि पेश भएकोमा यस उपमहानगरपालिकावाट स्वीकृत सार्वजनिक खरिद नियमावली २०७८ को नियम १२७ (१) को ग ,घ र नियम १२७ को २ अनुसार भेरिएशन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) धनकुटे रोड वडा नं. ८,९,१०,१८ र १९ को कोशी राजमार्ग देखि बुद्ध चोक सम्म पिच मर्मत गर्ने कार्यको ठेक्का सम्झौता भन्दा १९.०९ % घटी ।

(ख) रेल्वे चोक सौन्दर्यिकरण आयोजना , धरान १७ को ठेक्का सम्झौता भन्दा १२.९४ % घटी ।

क. सेनेटरी प्याड खरिदगरी बाँकी रहेको वजेटबाट सेनिटेरी प्याड डिस्पोज मेसिन खरिद गर्ने सम्बन्धमा :–

चालु आ.व.का लागि नेपाल सरकारबाट विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत सामुदायीक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटेरी प्याड वितरणका लागि रु. ५४३१०००/- अनुदान प्राप्त भएकोमा यस कार्यालयबाट उक्त सेनिटेरी प्याड सार्वजनिक खरिद तथा नियमावली अनुसार खरिद गर्दा आवश्यक परिमाण खरिद गरी रु. २३३४४४४/- बाँकि रहेको हुँदा उक्त रकमबाट सेनिटरी प्याड डिस्पोज गर्ने मेसिन खरिद गरी विद्यालयहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**ख. बाटोको नामाकरण सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको वडा नं. १८ को देविथान आनन्द मार्ग दक्षिण तर्फको बाटोको नाम श्याम मार्ग र सोहि वाटो देखि पूर्व तर्फजाने वाटोको नाम मिलन मार्ग नामाकरण गरिदिन सम्बन्धित वडावाट सिफारिस भएकोमा वडाको माग अनुसार नामाकरण गरिदिने निर्णय गरियो ।

**ग. माडबारी महिलाले वनाएको विश्रमालयमा सरसफाईकर्मी राख्ने सम्बन्धमा :–**

धरान १४ स्थित दुईधारेमा महिला माडबारी सेवा समितिले यात्रु विश्रमालय वनाएको र त्यसको सरसफाईकालागि मासिक दुईहजार पारीश्रमिक दिने गरी एक जना सरसफाईकर्मीको व्यबस्था नगरपालिकाले व्यबस्था गरिदियोस र उक्त विश्रमालय नगरपालिकालाई हस्तान्तरण गर्ने भनी उक्त समूहवाट निवेदन पेश भएकोमा उक्त सरसफाईको व्यबस्था गरी हस्तान्तरण गरी लिने निर्णय गरियो ।

**घ. खानेपानीका अतिरिक्त वेलहरु सञ्चालन गर्ने सम्बन्धमा :–**

एसियाली विकास बैंकको ऋण तथा अनुदानमा सञ्चालित धरान खानेपानी आयोजनाका लागि मिति २०७६ सालमा खनिएका अतिरिक्त २ वटा डिप ट्युवेलहरु हाल सञ्चालनमा नरहेकोमा धरानमा खानेपानीको अभाव धैरै भएकाले उक्त २ वटा ट्युवेलहरु सञ्चालनमा ल्याउँन खानेपानी व्यस्थापन बोर्डलाई अनुरोध गर्ने निर्णय गरियो ।

**ङ. डिजिटल डिस्प्ले वोर्डमा राखिने प्रचार सामाग्रीको दररेट सम्बन्धमा :–**

यस उपमहानगरपालिकाले राखेका डिजिटल डिस्प्ले वोर्डहरूमा कसैले विज्ञापन गर्न चाहेमा तपशिलको शुल्कः तिरी विज्ञापन गर्न दिने निर्णय गरियो । निर्धारण भएको शुल्क अनुसुची पछाडि टाँस गरी प्रमाणित गरिएको छ ।

**च. नगर क्षेत्रवाट वगेका खोलाहरूमा रहेका पुलको तल माथि थुप्रिएका नदिजन्य पदार्थको व्यबस्थापन सम्बन्धमा :–**

नगर क्षेत्रवाट वग्ने सेउती खोला, सर्दु खोला र शेहरा खोलाहरूको पुलमुनी १००० मिटर र पुल माथि ५०० मिटर भित्र नदिजन्य पदार्थ थुप्रिएको अबस्था कस्तो छ ?, बर्षादको समयमा उक्त स्थान भित्र नदिजन्य जोखिम के कस्तो छ ? भनी अध्ययन गरी उल्लेखित स्थानमा जोखिम न्यूनिकरणका उपायहरू समेत सिफारिस गर्न मिति २०७८।१२।१६ गतेको नगर प्रमुख स्तरीय निर्णयवाट गठित प्राविधिक समितिले पेश गरेको प्रतिवेदन आजको बैठकमा छलफल गरियो । प्रतिवेदनमा सिफारिस भए बमोजिम जोखिम न्यूनिकरण का उपायहरूको अबलम्बन गर्ने कार्य नगर बिपद व्यबस्थापन समितिको बैठक बसी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**छ. पटनाली खोलाको नदिजन्य पदार्थ उत्दनन सम्बन्धमा :–**

चालु आ.ब. २०७८।०७९ मा धरान १७ स्थित पटनाली खोलावाट १८२४० घनमिटर नदीजन्य पदार्थ उत्खनन तथा बिक्रिकालागि ठेक्का बन्दोबस्ति गरिएकोमा स्थानीयबासीहरूको अबरोधका कारण उक्त खोलावाट नदीजन्य पदार्थ उत्खनन गर्न नसकिने भएकाले संभव भए सम्म उक्त परिमाण वरावरको नदीजन्य पदार्थ बाढीको जोखिमका कारण च्यानलाईज गर्नु पर्ने अबस्था देखिएका अन्य खोलाहरूको च्यानलाईज गर्दा ठेकेदारले कबोल गरेकै दररेटमा उपलब्ध गराउने व्यबस्था मिलाउने निर्णय गरियो ।

**ज. आर्थिक सहयोग सम्बन्धमा :–**

यस नगर क्षेत्रमा बसोवास गर्ने नागरिकहरु गम्भिर रुपमा विरामी भै उपचारका लागि सहयोग माग भै पर्न आएको निवेदनहरु र विभिन्न प्रकोपका कारण राहत माग भै पेश भएका निवेदनहरु साथै सम्बन्धित वडा कार्यालयबाट भएको सिफारिसको आधारमा तपसिल अनुसार उपचार सहयोग र राहत उपलब्ध गराउँने निर्णय गरियो ।

<u>तपसिल</u>

मिना जिमी, धरान-१५, छोराको क्षयरोग उपचार सहयोग- रु. १५०००/-

कृष्णबहादुर लिम्बु, धरान-१६ क्यान्सर रोग उपचार सहयोग रु. १५०००/-

कृष्णबहादुर श्रेष्ठ, धरान-१५ मृगौला रोग उपचार सहयोग रु १५०००/-
डेकबहादुर नेपाली, धरान-१५ गालाको हड्डिको शल्यक्रिया गर्न सहयोग रु.२००००/-
लक्ष्मणबहादुर थापा, धरान-१, आगलागी पिडित राहत रु. २००००/-

**९ . विशेष धन्यवाद सम्बन्धमा :–**

२०७४ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट र २०७६ सालमा सम्पन्न भएको उप निर्वाचनबाट निर्वाचित यस धरान उपमहानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरुको पदावधी समाप्त हुन लागेकोहुँदा यस ५ वर्षको कार्यकालमा नगरको विकासका लागि सहयोग गर्ने सबै जनप्रतिनिधीहरु, संघ संस्था, सरकारी तथा गैर सरकारी कार्यालयहरु, टोल विकास संस्थाहरु, उपभोक्ता समितिहरु लगायत नगरवासीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**आजको वैठक बेलुका ६ :३० वजे समाप्त भयो ।**
**वैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत ,गणेश प्रसाद खतिवडा ।**

## डिजिटल डिस्प्ले वोर्डमा राखिने प्रचार सामाग्रीको दररेट विवरण

### क) दररेटको विवरण

| अवधि | न्यूनतम् रु. ५०० र ५ मिनेट भन्दा बढि अबधिको लागि प्रतिमिनेट दर | |
|---|---|---|
| | भिडियोको प्र.मिनेट दर रु. | फोटोको प्र.मिनेट दर रु. |
| १ दिन देखि ३ दिनसम्म | २०० | १५० |
| ४ दिन देखि ७ दिनसम्म | १६० | १२० |
| ८ दिन देखि १५ दिनसम्म | १२० | ९० |
| १५ दिन देखि ३० दिनसम्म | ८० | ६० |
| १ महिना देखि ३ महिना सम्म | ६० | ४० |
| ४ महिना देखि ६ महिना सम्म | ५० | ३८ |
| ७ महिना देखि ९ महिना सम्म | ४० | ३० |
| १ वर्षको | ३६ | २४ |

### ख) पर्यटन उद्योग तथा सेवासंग सम्बन्धी प्रचार सामग्रीको विशेष दररेट

| अवधि | न्यूनतम् रु. ५०० र ५ मिनेट भन्दा बढि अबधिको लागि प्रतिमिनेट दर | |
|---|---|---|
| | भिडियोको प्र.मिनेट दर रु. | फोटोको प्र.मिनेट दर रु. |
| १ दिन देखि ३ दिनसम्म | १०० | ७५ |
| ४ दिन देखि ७ दिनसम्म | ८० | ६० |
| ८ दिन देखि १५ दिनसम्म | ६० | ४५ |
| १५ दिन देखि ३० दिनसम्म | ४० | ३० |
| १ महिना देखि ३ महिना सम्म | ३० | २० |
| ४ महिना देखि ६ महिना सम्म | २५ | १९ |
| ७ महिना देखि ९ महिना सम्म | २० | १५ |
| १ वर्षको | १८ | १२ |

### विशेष व्यवस्थाहरु

| |
|---|
| धरानमा संचालनमा रहेका उद्योग, व्यापार व्यवसाय र सेवाको प्रचार सामाग्रीको हकमा सम्बन्धित दरमा ३० प्रतिशत शुल्क छुट । |
| मुनाफा रहित सँस्थाका लोकहितकारी कार्यक्रमको हकमा (क) मा उल्लेखित दरमा ५० प्रतिशत छुट । यस्तो सुविधा बढिमा ७ दिनसम्म मात्र लागु हुने । |
| सेवामूलक कार्यक्रमको प्रचार प्रसार गरिने कार्यक्रमको हकमा १ दिन नि:शुल्क । |
| निजी क्षेत्रले नगर क्षेत्रमा डिजिटल डिस्प्ले वोर्ड राख्दा सो को लागि लागि अनुमती लिनु पर्ने । तोकिएको अनुमती शुल्क लाग्ने। |
| डिजिटल डिस्प्ले वोर्डमा राखिने प्रचार सामग्रीको लागि न्यूनतम् ५ मिनेट र अधिकतम् ९० मिनेटसम्म राख्न सकिने। |
| प्रसारण सामाग्रीको समय गणना स्पटको आधारमा गरिने। (मानौ ३० सेकेण्डको भिडियो १० पटक प्रसारण हुँदा ५ मिनेट हुने) |

# धरान उप-महानगरपालिकाको सामाग्री सम्बन्धि दररेट

## आ.व. ०७८/७९

| क्र.सं. | सामाग्रीको विवरण | इकाई | आ.व. ०७६।७७ को दररेट | आ.व. ०७७।७८ को दररेट | आ.व. ०७८।७९ को दररेट | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | Stunning device (220 volts) | Per No. | | | 85,000.00 | |
| 2 | Scalding tank | Per No. | | | 275,000.00 | |
| 3 | Pig processing rail | Per No. | | | 500,000.00 | |
| 4 | SS working table (Dimension-7.5'x3.5'x34") | Per No. | | | 55,000.00 | |
| 5 | Desk & bench made by 1"x1" square pipe and 1"x1" angle patti with local wooden allocated size 6'x1' length & breadth | Per No. | | | 10,500.00 | |
| 6 | Office chair (medium size) | Per No. | | | 6,500.00 | |
| 7 | White board (size-3'x4') | Per No. | | | 6,000.00 | |
| 8 | Wooden long table (size-9'x2'x3') | Per No. | | | 26,000.00 | |
| 9 | टियोसेन्टी घाँसको बिऊ | Per Kg. | | | 170.00 | |
| 10 | सुडान घाँसको बिऊ | Per Kg. | | | 150.00 | |